**अनुसूची-२**

**(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)**

# चिशंखुगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या: २ मिति: २०७८/०३/१७

**भाग १**

**चिशंखुगढी गाउँपालिका**

## चिशंखुगढी गाउँपालिकाको आर्थिक ऐन, २०७८

गाउँसभाबाट स्वीकृत मिति: २०७८/०३/१६

राजपत्रमा प्रकाशित मिति: २०७८/०३/१७

**प्रस्तावना** : चिशंखुगढी गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम चिशंखुगढी गाउँसभाले अनुमोदन गरी यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"चिशंखुगढी गाउँपालिकाको आर्थिक ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गते देखि चिशंखुगढी गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. भुमी कर (सम्पति कर)** : गाउँपालिका क्षेत्रभित्र अनुसुचि (१) बमोजिम सम्पतिकर लगाइने र असुल उपर गरिनेछ ।

**३. घर बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसुचि (२) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

**४. व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबार आधारमा अनुसुचि (३) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**५. जडिबुटी, काठ, दाउरा बाँस र अन्य बस्तुको निकासी कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले विभिन्न जडीबुटी, काठ, दाउरा, बाँस जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसुचि (४) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

**६. विज्ञापन कर :** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसुची (५) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**७. बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची( ६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**८. सेवा शुल्क दस्तुर :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसुची ७ मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**९. विविध** : यस गाउँपालिको क्षेत्रभित्र रहेका बालुवा गिट्टी रोडा, ढुङगा जस्ता पदार्थहरु प्रयोग तथा अन्यन्त्र निकासी गरेबापत अनुसुची ८ बमोजिम शुल्क लगाउन र असुल उपर गर्न सक्नेछ ।

**१०. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**११. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

प्रस्तावित कर, शुल्क, सेवा शुल्क, दस्तुर तथा महशुलका दरहरु अनुसूचीहरुमा उल्लेख गरिएका छन् ।

## अनुसूची-१

### १. भुमी कर(सम्पति कर):

| क्र.सं | जग्गाको किसिम | दस्तुर रु. | **कैफियत** |
|---|---|---|---|
| १ | **अबल** | | सम्पत्ति कर **लागु गर्ने** |
| क | क्षेत्रीय सडकले छोएको | | |
| ख | ग्रामीण सडकले छोएको | | |
| ग | सडकले नछोएको | | |
| २ | **दोयम** | | |
| क | क्षेत्रीय सडकले छोएको | | |
| ख | ग्रामीण सडकले छोएको | | |
| ग | सडकले नछोएको | | |
| ३ | **सीम** | | |
| क | क्षेत्रिय सडकले छोएको | | |
| ख | ग्रामिण सडकले छोएको | | |
| ग | सडकले नछोएको | | |
| ४ | **चहार** | | |
| क | क्षेत्रिय सडकले छोएको | | |
| ख | ग्रामिण सडकले छोएको | | |
| ग | सडकले नछोएको | | |

## अनुसूची - २

### २. घर बहाल कर:

| क्र.सं. | **प्रयोजन** | **एकाइ** | **बार्षिक दस्तुर** | **कैफियत** |
|---|---|---|---|---|
| १. | व्यापारिक प्रयोजन | बार्षिक आम्दानीको | २ प्रतिशत | |
| २. | आवासिय प्रयोजन | बार्षिक आम्दानीका | १ प्रतिशत | |

## अनुसूचि-३

## ३. व्यवसाय कर :

| क्र.सं | व्यवसायको नाम | दर | कैफियत |
|---|---|---|---|
| १ | **मदिरा (रक्सी जन्य) तथा सूर्तीजन्य व्यवसाय** | | |
| | क) थोक बिक्रेता | ४०००.०० | |
| | ख) खुद्रा बिक्रेता | १०००.०० | |
| २. | **इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स** | | |
| | क) थोक बिक्रेता | २०००.०० | |
| | ख) खुद्रा बिक्रेता | १०००.०० | |
| ३. | **कपडा पसल** | | |
| | क)कपडा पसल (खुद्रा बिक्रेता) | १०००.०० | |
| | ख) फेन्सी कपडा (रेडिमेड) | १०००.०० | |
| ४. | **गहना (ज्वेलरी) पसल** | | |
| | क) सबै खाले गहना निर्माण तथा विक्री गर्ने | २०००.०० | |
| | ख) स-साना गहना निर्माण तथा विक्री गर्ने | १०००.०० | |
| ५. | **हार्डवेयर एण्ड सप्लायर्स** | | |
| | क) खुद्रा बिक्रेता | १०००.०० | |
| ६. | **कम्प्युटर, टेलिभिजन, फोटोकपी ,विद्युत सामान, क्यामेरा, टेलिभिजन र रेडियो** | | |
| | क) थोक बिक्रेता | १०००.०० | |
| | ख) खुद्रा बिक्रेता | ५००.०० | |
| ७. | **पेट्रोल/डिजेल पम्प तथा ग्याँस** | | |
| | क) ग्यास तथा मट्टितेल बिक्री गर्ने | १०००.०० | |
| ८. | **दैनिक उपभोगका खाद्य पदार्थ (खाद्यान्न, तरकारी तथा फलफुल समेत)** | | |
| | क) थोक बिक्रेता | १०००.०० | |
| | ख) खुद्रा बिक्रेता | ५००.०० | |
| ९. | **आवास, होटेल,** | | |
| | क) १० देखि २५ लाख सम्म पुँजी भएका | ३०००.०० | |
| | ख) ५ देखि १० सम्म लाख सम्म पुँजी भएका | १५००.०० | |
| | ग) १ देखि ५ लाख सम्म पुँजी भएका | १०००.०० | |
| | घ) १ लाख सम्म पुँजी भएका | ५००.०० | |
| १० | **सेवा तथा उद्योग** | | |
| | क) परामर्श सेवा | २५००.०० | |
| | ख) फोटोग्राफी | १०००.०० | |
| ११. | **विशेष परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| | क) इन्जिनियर | १,०००.०० | |
| | ख) कानुन व्यवसायी | १,०००.०० | |
| | ग) अनुसन्धानकर्ता तथा परामर्श दाता | १,५००.०० | |
| | घ) कम्प्युटर एनालिष्ट तथा प्रोगामर | १,०००.०० | |
| | ङ) बीमा एजेन्ट | १,०००.०० | |
| | च) सर्भेयर | १,०००.०० | |
| | छ) सामान ढुवानी कर्ता तथा कम्पनी | १,०००.०० | |

| | | | |
|---|---|---|---|
| | ज) संस्थागत पेन्टर | १,५००.०० | |
| १२. | **कृषि तथा वन्यजन्य उद्योग** | | |
| | क) वन पैदावारमा आधारित उद्योग (उत्पादन गर्ने) | २,५००.०० | |
| | ख) वन पैदावारमा आधारित व्यवसायमा | १,५००.०० | |
| | ग) कृषिमा आधारित उद्योग व्यवसायमा | ५००.०० | |
| १३. | **गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा** | | |
| | क) क श्रेणीको | १०,०००.०० | |
| | ख) ख श्रेणीको | ६,०००.०० | |
| | ग) ग श्रेणीको | ४,५००.०० | |
| | घ) घ श्रेणीको | ४,०००.०० | |
| | **स्वास्थ्य सेवा** | | |
| | क) क्लिनिक तथा ल्याब | २,५००.०० | |
| १४. | **सञ्चार सेवा** | | |
| | क) टेलिफोन, टि.भि. को टावर | १०,०००. ०० | |
| | ख) निजी क्षेत्रको हुलाक सेवा | १,०००.०० | |
| | ग) निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी, मोवाइल फोन, STD, ISTD इमेल, इन्टरनेट, रेडियो पेजिङ आदि | २,०००.०० | |
| | घ) कुरियर सेवा | १,०००.०० | |
| १५. | **शिक्षा सेवा** | | |
| | क) निजी क्षेत्रका स्कूल | ५,०००.०० | |
| | ख) तालिम तथा अनुसन्धान केन्द्र | २,०००.०० | |
| | ग) टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | १,०००.०० | |
| १६. | **मर्मत सम्भार** | | |
| | (क) रेडियो, टिभी, घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, विद्युत सामाग्री मर्मत केन्द्र, मोटरसाईकल मर्मत | १,०००.०० | |
| १७. | **वित्तिय सेवा** | | |
| | क) नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक | १०,०००.०० | |
| | ख) वित्तीय कम्पनीको शाखा कार्यालय | २,०००.०० | |
| | ग) सहकारी बैंक | २,०००.०० | |
| १८. | **अन्य सेवा** | | |
| | क) विज्ञापन सेवा | १,५००.०० | |
| | ख) ब्यूटी पार्लर, केश सिंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेन्टर आदि | ५००.०० | |
| | ग) साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | ५००.०० | |
| | घ) पशु वधशाला | १०००.०० | |
| | ङ) मासु बिक्रेता | ५००.०० | |
| | च) फुल र विरुवा बिक्रेता | ५००.०० | |
| | छ) खोटो व्यवसायी | १०००.०० | |
| | झ) भाँडाकुँडा बिक्रेता | १०००.०० | |
| | ञ) स्टिल, काठ, फर्निचर बिक्रेता | १०००.०० | |
| | ट) खेलौना, उपहार (गिफ्ट) बिक्रेता | ५००.०० | |
| | ठ) कुटानी, पिसानी र पेलानी मिल | ५००.०० | |

| | | | |
|---|---|---|---|
| | ङ) पोल्ट्री फर्म | १००.०० | |
| | ण) बिद्युत पोल (एच.टी.)(प्रति गोटा) | २५.०० | |

क) माथि उल्लेख भएको व्यवसायहरुमा सोहि अनुसार र नभएको हकमा राजश्व परामर्श समितिको सिफारिसमा गाउँ कार्यपालिका बैठकबाट निर्णय गरी कर निर्धारण गरिने छ ।

ख) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय समेत थप गरी व्यवसाय सञ्चालन गरेको हकमा माथि उल्लेखित दरको प्रत्येक व्यवसायमा ४०% ले हुने रकम थप व्यवसाय कर लिने ।

ग) चालु आ.व. भित्र असुल नभई अर्को आ.व. भित्र असुल गर्दा ५ % प्रतिशत थप विलम्व शुल्क सहित असुल गरिनेछ । चालु आ.ब. अगाबै कुनै लाग्ने शुल्क वा कर अग्रिम भुक्तानी गरेमा ५ प्रतिशत छुट दिने ।

घ) अति विपन्न, पुर्ण अपांग तथा जेष्ठनागरिकको हकमा ५० प्रतिशत छुट दिइनेछ ।

## अनुसूचि-४

४.१ **पशु सेवा उपचार शुल्क**

| क्र.सं. | शीर्षक | दर (प्रति वटा) रु. | कैफियत |
|---|---|---|---|
| १ | बंगुर, बाख्रा, कुकुर, बिरालो उपचार सेवा शुल्क | ५ | |
| २ | गाई, भैंसी उपचार सेवा शुल्क | २० | |
| ३ | कुखुरा, हाँस, टर्की लगायतका पंक्षीजन्य उपचार सेवा शुल्क | १ | |

४.२ **कृषि तथा पशुपंक्षीमा आधारित व्यवसाय दर्ता**

| क्र.सं. | व्यवसाय एवं लगानीको आधार | दर्ता शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | दश लाख सम्म लगानी तथा कारोबार गर्ने व्यक्तिगत फर्म | १०००।- | |
| २ | दश लाख भन्दा माथि लगानी तथा कारोबार गर्ने व्यक्तिगत फर्म | १५००।- | |
| ३ | दश लाख सम्म लगानी तथा कारोबार गर्ने सामूहिक फर्म | १५००।- | |
| ४ | दश लाख भन्दा माथि लगानी तथा कारोबार गर्ने सामूहिक फर्म | २०००।- | |
| ५ | दश लाख सम्म लगानी तथा कारोबार गर्ने समूह | ५००।- | |
| ६ | दश लाख भन्दा माथि लगानी तथा कारोबार गर्ने समूह | ७५०।- | |
| ७ | अनुभवी कृषक दर्ता शुल्क | १००।- | |

### ४.३ सहकारी संस्था दर्ताः

| क्र.सं. | सहकारीको किसिम/प्रकार | कारोबार थ्रेसहोल्ड | दर्ता शुल्क (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | बचत तथा ऋण सहकारी | १० लाख सम्म कारोबार गर्ने | १०,०००।- | |
| | | १० लाख भन्दा माथि कारोबार गर्ने | १५०००।- | |
| २ | कृषि सहकारी | १० लाख सम्म कारोबार गर्ने | ५०००।- | |
| | | १० लाख भन्दा माथि कारोबार गर्ने | ८०००।- | |

### ४.५ क्लब दर्ताः

| क्र.सं. | क्लबको वर्गीकरण | सेवा क्षेत्र | दर्ता शुल्क (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | बाल क्लब | चिशंखुगढी गाउँपालिका | ५००।- | |
| २ | युवा क्लब | चिशंखुगढी गाउँपालिका | १०००।- | |

- **नवीकरणः** माथि अनुसूचीहरुमा नवीकरण सम्बन्धी उल्लेख नभएका दर्ता हुने एवं दर्ता भएका जुनसुकै व्यवसाय तथा कानूनी व्यक्तिहरुको हकमा नवीकरण गर्ने प्रयोजनार्थ शुरु दर्ता शुल्कको हुन आउने रकमको ५०% रकम नवीकरण बापत शुल्क लाग्ने ।
- **दण्ड जरिवानाः** तोकिएको समयावधि भित्र दर्ता एवं नवीकरण नहुने जुनसुकै व्यवसाय तथा कानूनी व्यक्तिहरुको हकमा शुरु दर्ता शुल्कको प्रति महिना (दिनको दामासाही हिसाब समेत समावेश हुने) चक्रीय रुपमा ५% ले हुन आउने रकम दण्ड जरीवाना बापतको शुल्क लिने ।

## अनुसूचि-५

### ५. जडिबुटी, काठ, दाउरा बाँस अन्य बस्तुको निकासी कर :

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | अम्रिसो | केजी | १.०० | |
| २ | काठ (गोलिया) | क्यु.फि | ३.०० | |
| ३ | काठ (चिरान) | क्यु.फि | २.०० | |
| ४ | दाउरा (ट्याक्टर) | ट्रिप | १५०.०० | |
| ५ | दाउरा -(मिनी ट्रक) | ट्रिप | २५०.०० | |
| ६ | दाउरा - (ट्रक) | ट्रिप | ५००.०० | |
| ७ | बाँस | गोटा | ५.०० | |
| ८ | अलैंची | केजी | १०.०० | |
| ९ | खयर (गोलिया) | क्यु.फि. | ३० | |
| १० | चिशंखुगढीगाउँपालिका भित्र उत्पादन भै निकासी हुने माथि उल्लेखित बाहेक अन्य बस्तुहरुको हकमा गाउँपालिको निर्णय बमोजिम हुनेछ। | | | |

## अनुसूची-६

**विज्ञापन कर :**

**६. होडिङ वोर्ड सेवा शुल्क निम्नानुसार लगाईने छ :**

क) मदिरा तथा सुर्तीजन्य वस्तुको विज्ञापन प्रतिवर्ग फिट रु. २५/-

ख) अन्य वस्तुको विज्ञापनमा प्रति वर्ग फिट रु. १०/-

## अनुसूची-७

**७. बहाल बिटौरी शुल्क :**

क) गाउँपालिका क्षेत्रभित्रमा निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल वा व्यवसाय गर्न दिए वापत प्रति वर्गफिट मासिक रु. ५/- बहाल बिटौरी कर असुल गरिने छ ।

## अनुसूची-८

**८. सेवा शुल्क दस्तुर**

**विभिन्न प्रकारका सिफारिस दस्तुर :**

**(क) वडाले गर्ने सिफारिमा लाग्ने कर/दस्तुर/शुल्क :**

| क्र.सं. | विवरण | रकम(रु) | कैफियत |
|---|---|---|---|
| १) | घर जग्गा, नामसारी सिफारिस | १००/- | |
| २) | मोही लगत कट्टा सिफारिस | २००/- | |
| ३) | घर कायम सिफारिस | १००/- | |
| ४) | छात्रवृत्ति सिफारिस | ५०/- | |
| ५) | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | निशुल्क | |
| ६) | अपाङ्ग सिफारिस | निशुल्क | |
| ७) | अस्थाई बसोबास सिफारिस | १००/- | |
| ८) | स्थायी बसोबास सिफारिस | २००/- | |
| ९) | नागरिकता सिफारिस | २५/- | |
| १०) | नागरिकता प्रतिलिपि सिफारिस | १००/- | |
| ११) | अंगिकृत नागरिकता सिफारिस | ३००/- | |
| १२) | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५००/- | |

| | | | |
|---|---|---|---|
| १३) | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निशुल्क | |
| १४) | विद्युत जडान सिफारिस | निशुल्क | |
| १५) | धारा जडान सिफारिस | निशुल्क | |
| १६) | जिवित रहेका सिफारिस | १००/ - | |
| १७) | दुवै नाम गरेको एकै व्यक्ति हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | ५०/- | |
| १८) | जग्गा मूल्याङ्कन सिफारिस/प्रमाणित | ५००/- | |
| १९) | व्यवसाय वन्द सिफारिस | १००/- | |
| २०) | व्यवसाय संचालन नभएको सिफारिस | १००/- | |
| २१) | व्यापार व्यवसाय नभएको सिफारिस | ५०/- | |
| २२) | कोर्ट फि मिनाहा सिफारिस | १००/- | |
| २३) | नावलक परिचयपत्र सिफारिस | २५/- | |
| २४) | चौपाय सम्बन्धी सिफारिस | ५०/- | |
| २५) | उद्योग ठाउँ सारी सिफारिस | २००/- | |
| २६) | विद्यालय ठाउँ सारी सिफारिस | ५००/- | |
| २७) | आन्तरिक बसाई-सराई सिफारिस | १००/- | |
| २८) | विद्यालय संचालन स्वीकृति/कक्षा बृद्धि सिफारिस | १०००/- | |
| २८. क | विद्यालय संचालन स्वीकृति/कक्षा बृद्धि सिफारिस (निजी) | २०००/- | |
| २९) | व्यक्तिगत विवरण सिफारिस | ५०/- | |
| ३०) | जग्गा दर्ता सिफारिस | १००/- | |
| ३१) | संरक्षण सिफारिस (व्यक्तिगत) | ५०/- | |
| ३२) | संरक्षक सिफारिस (संस्थागत) | १००/- | |
| ३३) | बाटो कायम सिफारिस | २००/- | |
| ३४) | जिवित संगको नाता प्रमाणित | १००/- | |
| ३५) | मृतक संगको नाता प्रमाणित | ५०/- | |

| | | | |
|---|---|---|---|
| ३६) | घर, कोठा खोल्न कार्य/रोहबरमा बस्ने कार्य | १००/- | |
| ३७) | निशुल्क वा स-शुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| ३८) | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | २००/- | |
| ३९ | संस्था दर्ता नबिकरण सिफारिस | २००/- | |
| ४० | घर बाटो प्रमाणित | २००/- | |
| ४१ | चार किल्ला प्रमाणित | २००/- | |
| ४२ | जन्म मिति प्रमाणित | ५०/- | |
| ४३ | विवाह प्रमाणित | १००/- | |
| ४४ | घर पाताल प्रमाणित | २००/- | |
| ४५ | कागज/मन्जुरी नामा प्रमाणित | ५०/- | |
| ४६ | हकवाला वा हकदार प्रमाणित | २००/- | |
| ४७ | अविवाहित प्रमाणित | ५००/- | |
| ४८ | जग्गा रेखाङ्कनको कार्य/सो कार्यमा रोहबर | ५००/- | |
| ४९) | जग्गा धनीपुर्जा हराएको सिफारिस | ५०/- | |
| ५०) | पुर्जामा घर कायम गर्ने सिफारिस | १००/- | |
| ५१) | अंग्रेजी सिफारिस तथा प्रमाणित | २००/- | |
| ५२) | उल्लेखित बाहेक अन्य स्थानीय आवश्यक्ता अनुसार सिफारिस/प्रमाणितहरू | १००/- | |

जन्म दर्ता, मृत्यु दर्ता, बसाई सराई जाने/आउने दर्ता, सम्बन्ध विच्छेद दर्ता, विवाह दर्ता लगायतका व्यकितगत घटना दर्तामा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण नियमावली, २०७७ बमोजिम हुनेछ ।

## ९. माथि उल्लेखित बाहेक चिशंखुगढी गाउँपालिकाको दर्ता, नविकरण तथा सिफारिस दस्तुरको दरः

| क.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गैर सरकारी संघ संस्था दर्ता सिफारिस दस्तुर | सिफारिस | २,०००.०० | |
| २ | रु.१ लाख भन्दा कम आर्थिक कारोबार गर्ने को लागि नविकरण दस्तुर | सिफारिस | ५००.०० | |
| ३ | रु. १ लाख देखी रु.५ लाख भन्दा कम आर्थिक कारोबार गर्नेको लागि नविकरण दस्तुर | सिफारिस | ७००.०० | |
| ४ | रु.५ लाख देखी रु. १० लाख भन्दा कम आर्थिक कारोबार गर्नेको लागि नविकरण दस्तुर | सिफारिस | १,०००.०० | |
| ५ | रु.१० लाख आर्थिक कारोबार गर्नेको लागि नविकरण दस्तुर | सिफारिस | १,५००.०० | |
| ६ | रु.१० लाख भन्दा माथी आर्थिक कारोबार प्रतिलाख थप नविकरण दस्तुर | सिफारिस | २५ | |
| ७ | प्रकोप व्यवस्थापन विशेष कोष दस्तुर : गैरसरकारी संस्थाहरुको कारोबार ( प्राप्ती) अङको ०.१ प्रतिशत वा न्युनतम रु.२०/-मध्ये जुन बढी हुन्छ सोही रकम बराबरको दस्तुर | | | |
| ८ | खानेपानी मुहान दर्ता दस्तुर | सिफारिस | १,०००.०० | |
| ९ | सिंचाई मुहान दर्ता दस्तुर | सिफारिस | १,०००.०० | |
| १० | खानेपानी र सिंचाई उपभोक्ता समिति नविकरण | सिफारिस | ५००.०० | |
| ११ | व्यक्तिगत घटना दर्ता (पंजीकरण) त्रुटी/गल्ती सच्याउने/सच्याउन सिफारिस गर्ने दस्तुर | सिफारिस | १००.०० | |
| १२ | विभिन्न संघ संस्था वा समितिहरुलाई योजना/आयोजना/कार्यक्रम आदिको मागको लागि सरकारी तथा गैरसरकारी निकायहरुमा सिफारिस वापत प्रति सिफारिस दस्तुर | सिफारिस | २००.०० | |
| १३ | विभिन्न संघ संस्था वा समितिहरुलाई योजना/आयोजना/कार्यक्रम आदिको मागको लागि विभिन्न विदेशी निकायहरु तथा दात्रृ निकायहरुमा सिफारिस दस्तुर | सिफारिस | १,०००.०० | |
| १४ | कुनै विज्ञ/पेशागत कार्य/अध्ययन अनुसन्धान कार्य गर्न अनुमति वा सिफारिस दस्तुर | सिफारिस | १,०००.०० | |
| १५ | जलबिद्युत आयोजना सर्वेक्षण अनुमती सिफारिस दस्तुर | सिफारिस | ५००.०० | |
| १६ | घ.श्रेणीको निर्माण व्यवसायीको कम्पनीमा दर्ता गर्न सिफारिस दस्तुर | सिफारिस | ३,०००.०० | |

**१०) फोहरमैला व्यवस्थापन सेवा शुल्क (मासिक) निम्नानुसार लगाईने छ :**

क) व्यापारिक रु १००/-

ख) घरायसी रु ५०/-

ग) संस्थागत रु १००/-

घ) अन्यको हकमा तथा सेवा शुल्क निर्धारणमा कठिनाई उत्पन्न भएमा व्यवसायको प्रकृति हेरी गाउँपालिकाको निर्णय वमोजिम हुनेछ ।

**अनुसूची-९**

**११. विविध**

**१. बालुवा, गिट्टी, रोडा, ढुंगा बिक्री दर**

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | बालुवा,गिट्टी,रोडा,ढुंगा,ग्राभेल तथा लोहोरे ढुंगा( गाउँपालिका भित्रको प्रयोग) | घन मिटर | २०० | मु.अ.क.बाहेक |
| २ | बालुवा,गिट्टी,रोडा,ढुंगा,ग्राभेल तथा लोहोरे ढुंगा( गाउँपालिकाबाट निकासी) | घन मिटर | ३०० | मु.अ.क.बाहेक |

*आगामी आ.व. ०७८।७९ को अनुमानित आम्दानी रु. २३ लाख हुने ।*

आज्ञाले,

ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत